# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, असार ३१ गते, २०८२ साल (अतिरिक्ताङ्क ०२


## भाग-१

### कर्णाली प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको

### सूचना

नेपालको संविधान बमोजिम कर्णाली प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### संवत् २०८२ सालको ऐन नं. ०१

### आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** आर्थिक वर्ष २०८२/८३ को सेवा र कार्यका लागि प्रदेश सञ्चित कोषबाट व्यय हुने रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले,

कर्णाली प्रदेशसभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>:** (१) यस ऐनको नाम "कर्णाली प्रदेश विनियोजन ऐन, २०८२" रहेको छ।

(२) यो ऐन संवत् २०८२ साल साउन १ गतेदेखि प्रारम्भ हुनेछ।

२. **<u>परिभाषा</u>:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "निकाय" भन्नाले यस ऐनबमोजिम बजेट विनियोजन हुने मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालय सम्झनुपर्छ र सो शब्दले यस ऐनबमोजिम बजेट विनियोजन भएका सङ्घ र स्थानीय तहका निकायलाई समेत जनाउँछ।

(ख) "प्रदेश सरकार" भन्नाले कर्णाली प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनुपर्छ।

(ग) "बजेट सूचना प्रणाली" भन्नाले प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणाली (पिएलएमबीआइएस) सम्झनुपर्छ।

(घ) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको आर्थिक मामिला तथा योजना मन्त्रालय सम्झनुपर्छ।

(ङ) "विषयगत मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम कार्यक्षेत्र तोकिएको मन्त्रालय सम्झनुपर्छ।

३. **<u>आर्थिक वर्ष २०८२/८३ को निमित्त प्रदेश सञ्चित कोषबाट खर्च गर्ने अधिकार:</u>** आर्थिक वर्ष २०८२/८३ को निमित्त अनुसूची-१ बमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम एक करोड बाइस लाख तीस हजार रुपैयाँ बाहेक अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यका निमित्त सोही अनुसूचीको महल ४ मा

उल्लिखित चालु खर्च, महल ५ मा उल्लिखित पूँजीगत खर्च, महल ६ मा उल्लिखित वित्तीय व्यवस्थाको रकम समेत गरी महल ७ मा जम्मा बत्तीस अर्ब अन्ठानब्बे करोड चौवालिस लाख पच्चिस हजार रुपैयाँमा नबढाई निर्दिष्ट गरिएबमोजिम प्रदेश सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

४. **विनियोजनः** यस ऐनद्वारा प्रदेश सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरिनेछ।

५. **अख्तियारी तथा कार्यक्रम स्वीकृतिः** (१) यस ऐनबमोजिम विनियोजित रकम खर्च गर्ने अख्तियारी प्रचलित कानूनको अधीनमा रही यो ऐन प्रारम्भ भएको मितिदेखि अधिकार प्राप्त अधिकारीलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम खर्च गर्ने अख्तियारीको आधारमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले सम्बन्धित निकायलाई विनियोजन भएको रकम निकासा दिनेछ।

(३) कुनै विषयगत मन्त्रालयमा एकमुष्ट रुपमा विनियोजन भएको रकम मातहतका कार्यालय वा अन्य निकायबाट खर्च गर्ने गरी बाँडफाँट गर्नुपर्ने भएमा सोको आधार र कारण सहित निकायगत र स्रोतगत बाँडफाँटको प्रस्ताव संवत् २०८२ साल कार्तिक मसान्तभित्र विभागीय मन्त्रीस्तरीय निर्णय गराई अख्तियारी प्रदान गर्न मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिमको अनुरोध मनासिब भएमा मन्त्रालयले निर्णय गरी सोको जानकारी सम्बन्धित मन्त्रालयलाई दिई मन्त्रालयगत बजेट सूचना प्रणालीमा अद्यावधिक गर्नुपर्नेछ। यसरी अद्यावधिक भएको जानकारी सम्बन्धित मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(५) उपदफा (३) बमोजिमको अवधिभित्र बाँडफाँट नगरेमा त्यस्तो रकम स्वतः समर्पण भएको मानिनेछ।

तर सङ्घीय सरकारबाट आर्थिक वर्षको बीचमा प्राप्त हुने वित्तीय हस्तान्तरणको हकमा यो व्यवस्था लागू हुने छैन।

(६) उपदफा (४) बमोजिमको बाँडफाँटबाट रकम प्राप्त गर्ने निकायको प्रमुखलाई त्यस्तो रकम खर्च गर्न अख्तियारी प्राप्त भएको मानिनेछ।

(७) उपदफा (३) बमोजिम एकमुष्ट रुपमा विनियोजन भएको रकम एक पटक बाँडफाँट गरेपछि पुनः रकमान्तर वा कार्यक्रम संशोधन गर्न पाइने छैन।

(८) नेपाल सरकारबाट प्रदेश सरकारलाई सशर्त अनुदानको रुपमा प्राप्त आयोजना वा कार्यक्रम बजेट सूचना प्रणालीमा प्रविष्टि गर्दा त्रुटि भई सच्याउनु पर्ने भएमा विषयगत मन्त्रालयले निर्णय गरी अनुरोध गरेमा सम्वत् २०८२ पौष मसान्तसम्म मन्त्रालयले त्रुटि सच्याउन सक्नेछ।

(९) प्रचलित प्रदेश कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रम कार्यान्वयन गर्ने प्रयोजनको लागि स्वीकृत कार्यक्रम मानिनेछ।

(१०) कुनै निकायको बजेट सूचना प्रणालीमा समावेश भएको कार्यक्रमको त्रैमासिक विभाजनमा संशोधन गर्नुपर्ने भएमा सोको उपयुक्त आधार र कारण खुलाई विषयगत मन्त्रालयबाट अनुरोध भई आएमा मन्त्रालयले सम्वत् २०८२ चैत मसान्तसम्म संशोधन गर्न सक्नेछ।

(११) उपदफा (१०) बमोजिम संशोधन भएको जानकारी विषयगत मन्त्रालय, प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

६. **<u>रकमान्तर तथा स्रोतान्तरसम्बन्धी व्यवस्थाः</u>** (१) दफा ४ बमोजिम अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले गर्ने सेवा र कार्यको निमित्त विनियोजन गरेको रकममध्ये कुनै अनुदान सङ्ख्यामा बचत हुने र अन्य कुनै अनुदान सङ्ख्यामा अपुग हुने भई सोको उपयुक्त आधार

र कारण खुलाई विषयगत मन्त्रालय वा निकायबाट अनुरोध भई आएमा मन्त्रालयले बचत हुने अनुदान सङ्ख्याबाट अपुग हुने अनुदान सङ्ख्यामा रकमान्तर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा घटाउने अनुदान सङ्ख्याको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी अनुदान सङ्ख्याबाट अर्को एक वा एकभन्दा बढी अनुदान सङ्ख्यामा रकमान्तर गर्न, निकासा र खर्च लेख्न, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा स्रोतान्तर गर्न सकिनेछ।

तर,

(क) एउटै अनुदान सङ्ख्याभित्रका बजेट उपशीर्षकमा रकमान्तर गर्दा यो सीमा लागू हुने छैन,

(ख) पूँजीगत खर्च र वित्तीय व्यवस्था तर्फका शीर्षकमा विनियोजित रकम त्यस्तो खर्चतर्फका शीर्षक बाहेक चालु खर्च शीर्षकमा रकमान्तर गर्न सकिने छैन।

(३) विषयगत मन्त्रालय वा निकायबाट उपयुक्त आधार र कारण खुलाई अनुरोध भएमा कुनै अनुदान सङ्ख्याभित्र रहेको बजेट उपशीर्षकको खर्च शीर्षक अन्तर्गतको क्रियाकलापमा शुरू विनियोजन भन्दा बढी नहुने गरी मन्त्रालयले रकमान्तर गर्न सक्नेछ। बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजना र विपद् व्यवस्थापन कार्यको हकमा भने यो सीमा लागू हुनेछैन।

तर, देहायबमोजिमको अवस्थामा रकमान्तर गर्न पाइने छैनः

(क) आर्थिक वर्षको प्रथम त्रैमासिक अवधिमा,

(ख) शुरू विनियोजन नभएको खर्च शीर्षकमा,

(ग) नयाँ क्रियाकलापमा,

(घ) उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनामा।

(४) बहुवर्षीय आयोजनाको रुपमा स्रोत सहमति लिएका आयोजनामा विनियोजित रकम अन्य यस्तै प्रकृतिका आयोजना बाहेक अन्यत्र रकमान्तर गरिने छैन।

(५) स्थानीय तहका लागि अनुदान सङ्ख्या ८०१ मा विनियोजन भएको वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान रकम अन्य अनुदान सङ्ख्यामा र अर्को स्थानीय तहमा रकमान्तर गर्न पाइने छैन।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुदान सङ्ख्या ५०१ को अर्थ वित्तीय व्यवस्था र अनुदान सङ्ख्या ६०२ को अर्थ विविधमा विनियोजन भएको रकम चालु, पूँजीगत र वित्तीय व्यवस्थाका जुन शीर्षकमा निकासा र खर्च हुने हो सोही शीर्षकमा आवश्यक रकम रकमान्तर तथा कार्यक्रम संशोधन गरी थप गर्न वा घटाउन र खर्च जनाउन मन्त्रालयलाई बाधा पर्ने छैन।

(७) बजेट सूचना प्रणालीमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम संशोधन गर्नु पर्ने उपयुक्त आधार र कारण सहित स्वीकृत बजेट रकम तथा स्रोत परिवर्तन नहुने गरी विषयगत मन्त्रालयबाट अनुरोध भई आएमा संवत् २०८२ साल पौष मसान्तभित्र मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(८) प्रदेश सरकारबाट स्थानीय तहलाई सशर्त अनुदान मार्फत कार्यान्वयन हुने गरी निर्धारण भएको कार्यक्रम तथा आयोजना संशोधन गर्नुपर्ने भएमा विषयक्षेत्र तथा विनियोजित रकम परिवर्तन नहुने गरी सोको स्पष्ट कारण र पुष्ट्याइँ सहित कायम हुने आयोजनाको लागत अनुमान र सम्बन्धित स्थानीय तहको कार्यपालिकाको निर्णय सहित अनुरोध भई आएमा संवत् २०८२ साल पौष मसान्तभित्र मन्त्रालयले संशोधन गर्न सक्नेछ।

(९) कर्णाली प्रदेशभित्र विपद् वा महामारीका कारण अत्यावश्यक कार्य गर्नुपर्ने अवस्था भएमा सम्बन्धित जिल्लाको विपद् व्यवस्थापन समितिको सिफारिसमा प्रदेश सरकारको निर्णयका आधारमा

विषयगत मन्त्रालयबाट अनुरोध भई आएमा अनुसूची-२ मा उल्लिखित अनुदान सङ्ख्यामध्ये बचत हुन आउने जुनसुकै अनुदान सङ्ख्याबाट सम्बन्धित अनुदान सङ्ख्यामा मन्त्रालयले थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।

(१०) अदालतको फैसलाबाट प्रदेश सरकारले बेहोर्नु पर्ने गरी दायित्व सिर्जना भएको रकम प्रदेश सरकारबाट निर्णय भई आएमा मन्त्रालयले सम्बन्धित अनुदान सङ्ख्याको स्वीकृत कार्यक्रममा थप कार्यक्रम वा क्रियाकलाप समावेश गरी रकमान्तर, स्रोतान्तर वा थप निकासा गर्न सक्नेछ।

(११) चालु आर्थिक वर्षको स्वीकृत आयोजना वा कार्यक्रममा विनियोजित रकम भन्दा ठेक्का सम्झौता रकम कम भई बचत भएको रकम अन्य कार्यमा खर्च नगरी सोको विवरण सम्झौता भएको मितिले एक महिनाभित्र प्रदेश लेखा नियन्त्रक वा प्रदेश लेखा इकाई कार्यालय र विषयगत मन्त्रालयमा पेश गर्नु पर्नेछ। यसरी प्राप्त हुन आएको विवरण एकीकृत गरी अर्को एक महिनाभित्र मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(१२) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आर्थिक वर्षको बीचमा प्रदेश सरकारबाट नयाँ सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भई नयाँ कार्यालयको स्थापना भएमा वा मौजुदा कार्यालय एक आपसमा गाभिएमा त्यस्तो कार्यको लागि नयाँ बजेट उपशीर्षक, खर्च शीर्षक र क्रियाकलाप थपघट वा संशोधन गरी रकम व्यवस्थापन गर्न मन्त्रालयलाई कुनै बाधा पर्ने छैन।

७. **<u>अन्तर-सरकारी वित्तीय हस्तान्तरणसम्बन्धी व्यवस्था</u>**: (१) अनुदान सङ्ख्या ८०१ को रकम कानूनबमोजिम खर्च गर्ने गरी वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रुपमा सम्बन्धित स्थानीय तहको सञ्चित कोषमा प्रदेश

लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित जिल्लाको प्रदेश लेखा इकाई कार्यालयले हस्तान्तरण गर्नेछ।

(२) उपदफा (१) बमोजिम हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान चार किस्तामा बराबर हस्तान्तरण गरिनेछ। त्यसरी हस्तान्तरण गर्दा पहिलो किस्ता सम्वत् २०८२ भाद्र पन्ध्र गतेभित्र, दोस्रो किस्ता कार्तिक पन्ध्र गतेभित्र, तेस्रो किस्ता माघ पन्ध्र गतेभित्र र अन्तिम किस्ता सम्वत् २०८३ वैशाख पन्ध्र गतेभित्र हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित स्थानीय तहले अघिल्लो आर्थिक वर्षको वार्षिक आर्थिक विवरण साउन मसान्तभित्र र चालु आर्थिक वर्षको दोस्रो किस्ता र त्यसपछिका किस्ताको रकम निकासा माग गर्दा सोभन्दा अघिल्लो किस्तामा निकासा भएको खर्चको विवरण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पेश गर्नु पर्नेछ। यसरी पेश हुन नआएमा दोस्रो तथा त्यसपछिका किस्ता बापतको रकम हस्तान्तरण गरिने छैन।

(४) प्रदेश सरकारबाट स्वीकृत कार्यविधिबमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयले स्थानीय तहलाई समपूरक, विशेष र सशर्त अनुदान बापतको पहिलो किस्ता हस्तान्तरण गर्दा आयोजना वा कार्यक्रमको खरिद योजना वा कार्यान्वयन कार्ययोजना र बाँकी किस्ताको हकमा सम्बन्धित आयोजना वा कार्यक्रमको कार्य प्रगति विवरणको आधारमा निकासा गर्नु पर्नेछ।

(५) यस दफाबमोजिम हस्तान्तरण भएको सशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान बापतको रकम आर्थिक वर्षभित्र खर्च नभई बचत भएमा सम्बन्धित स्थानीय तहले उक्त बचत रकम सोही आर्थिक वर्षभित्र प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। यसरी दाखिला नगर्ने स्थानीय तहलाई प्रदेश लेखा नियन्त्रक कार्यालयले अर्को वर्ष प्रदेश सरकारबाट हस्तान्तरण गरिने वित्तीय

समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गर्नु पर्नेछ र सोको विवरण मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(६) मन्त्रालयले यस दफाबमोजिम स्थानीय तहमा वित्तीय हस्तान्तरणबाट सञ्चालन हुने आयोजना वा कार्यक्रमको वित्तीय तथा भौतिक प्रगति विवरण माग गर्न सक्नेछ। यसरी माग गरिएको विवरण पेश नगर्ने स्थानीय तहलाई उपदफा (१) बमोजिम उपलब्ध गराइने जुनसुकै अनुदान रकम रोक्का गर्न सक्नेछ।

८. **आयोजना वा कार्यक्रम कार्यान्वयनसम्बन्धी विशेष व्यवस्थाः** (१) यस ऐनबमोजिम प्रदेश सरकारको कुनै निकायमा रहेको आयोजना वा कार्यक्रम स्थानीय तह मार्फत कार्यान्वयन गर्दा प्रभावकारी हुने भई विषयगत मन्त्रालयको प्रस्तावमा सम्वत् २०८२ चैत्र मसान्तसम्म प्रदेश सरकारबाट निर्णय भएमा मन्त्रालयले सम्बन्धित स्थानीय तहबाट आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने गरी अख्तियारी प्रदान गर्नु पर्नेछ।

तर नेपाल सरकारबाट तोकिएकोमा बाहेक सङ्घीय सशर्त, समपूरक र विशेष अनुदानको रुपमा प्रदेश सरकारलाई प्राप्त कार्यक्रम वा आयोजना कार्यान्वयनको लागि स्थानीय तहमा अख्तियारी प्रदान गर्न वा हस्तान्तरण गर्न पाइने छैन।

(२) स्थानीय तहको बजेटमा समावेश भएको कुनै आयोजना वा कार्यक्रम प्रदेश सरकार मातहतको कार्यालयबाट कार्यान्वयन गराउन उपयुक्त हुने भएमा सम्बन्धित स्थानीय तहको अनुरोधमा विषयगत मन्त्रालय र मन्त्रालयको स्वीकृति लिई कार्यान्वयन गराउन सकिनेछ।

(३) उपदफा (२) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहले प्रदेश सरकारको सम्बन्धित निकायको नाममा प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा रहेको कार्य सञ्चालन कोष खातामा जम्मा हुने गरी रकम निकासा दिनु पर्नेछ।

(४) यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारको बजेट तथा कार्यक्रममा समावेश

भएको पूँजीगत तर्फको कुनै आयोजना नेपाल सरकार अन्तर्गतको कार्यालयबाट कार्यान्वयन गर्नुपर्ने आवश्यक ठानेमा प्रदेश सरकारबाट निर्णय गराई नेपाल सरकारको सम्बन्धित मन्त्रालय र नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिई त्यस्तो आयोजना वा कार्यक्रम नेपाल सरकारको सम्बन्धित कार्यालय मार्फत कार्यान्वयन गर्ने निर्णय गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिमको स्वीकृति सहित विषयगत मन्त्रालयबाट सम्वत् २०८२ चैत मसान्तसम्म अनुरोध भई आएमा मन्त्रालयले अख्तियारी प्रदान गर्नु पर्नेछ।

(६) उपदफा (१), (२) र (४) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्दा सोको जानकारी सम्बन्धित मन्त्रालय, स्थानीय तह र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयलाई दिनु पर्नेछ।

(७) प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा समावेश भएको पूर्वाधारसम्बन्धी आयोजना कार्यान्वयन गर्नुपूर्व विषयगत मन्त्रालय वा निकायले आयोजना बैङ्कमा प्रविष्टिसम्बन्धी सबै प्रकृया पूरा गर्नु पर्नेछ। आयोजना बैङ्कमा प्रविष्टि भएको आयोजना विनियोजित रकमको सीमाभित्र रही सोही आर्थिक वर्षमा अध्ययन सम्पन्न गरी कार्यान्वयन गर्न सकिनेछ।

(८) मन्त्रालयबाट आयोजना वा कार्यक्रम कार्यान्वयनको लागि स्रोत सहमति प्राप्त भएको मितिले ६ महिना वा सोही आर्थिक वर्षको जेष्ठ मसान्तमध्ये जुन अवधि पहिले आउँछ सोही अवधिभित्र ठेक्का सम्झौता नभएमा स्रोत सहमति स्वतः रद्द हुनेछ।

(९) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संवत् २०८२ साल असार १ गते पश्चात यस ऐनमा समावेश भएको आयोजना वा कार्यक्रमको स्वीकृत बजेटको सीमाभित्र रही यो ऐन प्रारम्भ भएपछि खरिद सम्झौता गर्ने गरी प्रचलित कानूनबमोजिम खरिद प्रक्रिया शुरू गर्न बाधा पर्ने छैन।

(१०) प्रदेश सरकारका निकायबाट लागत सहभागिताका आधारमा प्रदान गरिने जुनसुकै प्रकारका अनुदानमा दोहोरोपना नहुने गरी त्यस्तो अनुदानमा प्रदेश सरकारको अंश बढीमा पचास प्रतिशत मात्र हुनेछ।

९. **लेखाङ्कन, प्रतिवेदन तथा लेखापरीक्षणः** (१) यस ऐनबमोजिम नेपाल सरकारका निकाय वा स्थानीय तहबाट कार्यान्वयन हुने आयोजना वा कार्यक्रमको लेखा राखी प्रचलित प्रदेश कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आयोजना वा कार्यक्रम कार्यान्वयन गर्ने तहले आर्थिक विवरण तयार गरी प्रमाणित गराई विषयगत मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा इकाई कार्यालयमा पठाउनु पर्नेछ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐनबमोजिम खर्च शीर्षक नम्बर २६४१२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त चालु अनुदान र खर्च शीर्षक नम्बर २६४२२ सरकारी निकाय, समिति तथा बोर्डलाई सशर्त पूँजीगत अनुदानमा विनियोजित रकम प्रदेश कानूनबमोजिम आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउनु पर्नेछ।

१०. **वित्तीय अनुशासनसम्बन्धी व्यवस्थाः** (१) नेपाल सरकार तथा प्रदेश सरकारको अनुदानमा निर्माण गरिने सामुदायिक भवन तथा यस्तै प्रकृतिका सार्वजनिक उपयोगका संरचना व्यक्तिगत तथा निजी जग्गामा निर्माण गर्न पाइने छैन।

(२) अनुदानको रकम जुन प्रयोजनको लागि प्राप्त भएको हो सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ।

(३) आर्थिक वर्ष २०८२/८३ को लागि अनुसूची-२ को महल ३ मा उल्लिखित निकायले कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ९ बमोजिमका आयोजना वा कार्यक्रम मात्र कार्यान्वयनमा लैजानु पर्नेछ।

(४) यस ऐनबमोजिम विनियोजित रकम भन्दा बढी रकमको आयोजना वा कार्यक्रम स्वीकृत गर्ने वा ठेक्का लगाउने वा खरिद कारवाही प्रारम्भ गर्ने कर्मचारीलाई कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ५५ को उपदफा (५) बमोजिमको अधिकारीले कारवाही गर्न सक्नेछ।

(५) नेपाल सरकार तथा स्थानीय तहले प्रदान गर्ने सामाजिक सुरक्षा अन्तर्गतका भत्ता तथा सेवा सुविधासँग दोहोरो पर्ने गरी प्रदेश सरकारबाट उस्तै प्रकृतिका भत्ता तथा सेवा सुविधा वितरण गरिने छैन।

**११.** **<u>कानून विपरीत विनियोजन भएको नमानिने</u>:** यस ऐनबमोजिम कुनै सेवा र कार्यको लागि रकम विनियोजन गर्दा प्रचलित कानूनबमोजिम पूरा हुनु पर्ने कुनै प्रक्रिया पूरा भएको रहेनछ भने त्यस्तो प्रक्रिया पूरा नभएको आधारमा मात्र त्यसरी विनियोजित रकम कानून विपरीत भएको मानिने छैन।

**१२.** **<u>विविध</u>:** (१) यस ऐनबमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा तात्विक फरक नपर्ने गरी प्रदेश मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्टि तथा विनियोजनमा भएको त्रुटि मन्त्रालयले जुनसुकै बखत सच्याउन सक्नेछ।

(२) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेशको आर्थिक स्थिति, नेपाल सरकारबाट बाँडफाँट भई प्राप्त हुने राजस्व तथा अनुदानको स्थिति र प्रदेश सञ्चित कोषको मौज्दातको अवस्था समेत विचार गरी मन्त्रालयले प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम बाहेक अन्य विनियोजित रकम आवश्यकता अनुसार पूर्ण वा आंशिक रुपमा रोक्का वा नियन्त्रण गर्न तथा समर्पण गराउन सक्नेछ।

(३) यो ऐन प्रारम्भ भएपछि नेपाल सरकारबाट स्रोतको रुपमा प्रस्तावित वित्तीय हस्तान्तरणको रकम थपघट हुने गरी प्राप्त भएमा मन्त्रालयले त्यसरी थपघट भएको रकमको लेखा राखी घटेर रकम

प्राप्त भएमा विषयगत मन्त्रालय तथा निकायलाई आवश्यक निर्देशन र बढेर रकम प्राप्त भएमा विषयगत मन्त्रालय वा निकायलाई खर्च गर्ने अख्तियारी दिनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम चालु आर्थिक वर्षमा प्राप्त भएको रकमको समायोजित विवरण आगामी आर्थिक वर्षको आय र व्ययको विवरण साथ प्रदेश सभामा पेश गर्नु पर्नेछ।

१३. **यस ऐनबमोजिम हुने**ः यस ऐनमा उल्लिखित विषय यस ऐनबमोजिम हुनेछ र यस ऐनमा उल्लेख नभएका विषयमा अन्य प्रचलित कानूनबमोजिम हुनेछ।

१४. **निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्ने**ः (१) यस ऐनको कार्यान्वयन गर्न प्रदेश सरकारले आवश्यक निर्देशिका, कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम स्वीकृत वार्षिक कार्यक्रममा समावेश भई रकम विनियोजन भएको कार्यक्रमको कार्यान्वयनको लागि निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउनु पर्ने भएमा पौष मसान्तसम्म तर्जुमा गरी प्रदेश राजपत्र र विषयगत मन्त्रालयको वेबसाइटमा प्रकाशन गर्नु पर्नेछ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि सालबसाली रुपमा सञ्चालन हुँदै आएका कार्यक्रम आर्थिक वर्ष २०८२/८३ मा समेत यथावत रुपमा सञ्चालन हुने भएमा कर्णाली प्रदेश विनियोजन ऐन, २०८१ बमोजिम तर्जुमा भएका निर्देशिका, कार्यविधि वा मापदण्ड समेत यस ऐनबमोजिम तर्जुमा भए सरह मानी कार्यान्वयन गर्न सकिनेछ।

(४) यस ऐनबमोजिम विनियोजन भएको रकम खर्च गर्ने सम्बन्धमा मन्त्रालयले आवश्यक मार्गदर्शन जारी गर्न सक्नेछ। त्यस्तो मार्गदर्शन सबै निकाय वा कार्यालयले पालना गर्नु पर्नेछ।

**१५. <u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** (१) यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा प्रदेश सरकारले आवश्यक आदेश जारी गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश प्रदेश राजपत्रमा प्रकाशित गर्नु पर्नेछ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

अनुसूची-१

(दफा ३ सँग सम्बन्धित)

**नेपालको संविधानबमोजिम प्रदेश सञ्चित कोषमाथि व्ययभार हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र. सं. | अनुदान सङ्ख्या | निकायको नाम | चालु खर्च | पूँजीगत खर्च | जम्मा |
| १. | २०२ | प्रदेश सभा सचिवालय (प्रदेश सभामुख र उपसभामुखको पारिश्रमिक र सुविधा) | ७३४२ | - | ७३४२ |
| २. | २१० | प्रदेश लोक सेवा आयोग (अध्यक्ष र सदस्यको पारिश्रमिक र सुविधा) | ४८८८ | - | ४८८८ |
| | | **जम्मा** | **१२२३०** | | **१२२३०** |

आन्तरिक मामिला तथा कानून मन्त्रालय

## अनुसूची-२

(दफा ३, दफा ४ र दफा ६ को उपदफा (१) र (९) सँग सम्बन्धित)

**प्रदेश सञ्चित कोषबाट विनियोजित हुने रकम**

(रू. हजारमा)

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क्र.सं. | अनुदान सङ्ख्या | निकायको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | २०२ | प्रदेश व्यवस्थापिका | १२७४४५ | ९९३३ | ० | १३७३७८ |
| २ | २१० | प्रदेश लोक सेवा आयोग | ७६२१६ | ८५९० | ० | ८४८०६ |
| ३ | २१६ | मुख्य न्यायाधिवक्ताको कार्यालय | १७२०० | ५०० | ० | १७७०० |
| ४ | ३०१ | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३३२७३८ | ४७७८३ | ० | ३८०५२१ |
| ५ | ३०५ | आर्थिक मामिला तथा योजना मन्त्रालय | १८८४०५ | १२९४० | ० | २०१३४५ |
| ६ | ३०७ | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | ९९७६६७ | १४३०३३१ | ० | २४२७९९८ |
| ७ | ३०८ | जलस्रोत तथा ऊर्जा विकास मन्त्रालय | २७४५६५ | ३५५५७९३ | ० | ३८३०३५८ |
| ८ | ३१२ | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | १९२९४७१ | ६४१६२९ | ० | २५७११०० |
| ९ | ३१४ | आन्तरिक मामिला तथा कानून मन्त्रालय | २३३०३४ | ६६९६६ | ० | ३००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १० | ३३७ | भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालय | २८०६२४ | १०७३१४८३ | ० | ११०१२१०७ |
| ११ | ३५० | सामाजिक विकास मन्त्रालय | २९९२३७३ | २७८३३१६ | ० | ५७७५६८९ |
| १२ | ३९१ | कर्णाली प्रदेश योजना आयोग | ३७१३३ | ६६५० | ० | ४३७८३ |
| १३ | ५०१ | अर्थ-वित्तीय व्यवस्था | | | ६१५००० | ६१५००० |
| १४ | ६०२ | अर्थ-विविध | ३००००० | ६८६७९९ | ० | ९८६७९९ |
| १५ | ८०१ | स्थानीय तह | ४५९९८४१ | ० | | ४५९९८४१ |
| **कुल जम्मा** | | | **१२३८६७१२** | **१९९८२७१३** | **६१५०००** | **३२९८४४२५** |

प्रमाणीकरण भएको मितिः २०८२/०३/३१

आज्ञाले,
डा. पुष्प राज शाही
प्रदेश सरकारको सचिव

**आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित**